# कार्यालय प्रयोजनको लागि घरभाडा लिने सम्बन्धी सूचना

सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेडको कार्यालय प्रयोजनको लागि उपयुक्त घर भाडामा लिनु आवश्यक भएकोले निम्न विवरण अनुसारको भाडामा दिन इच्छुक घरधनी व्यक्ति वा संस्थाले प्रस्तावित भाडादर (कर समेत), उपभोग योग्य क्षेत्रफल (कार्पेट एरिया), प्रस्तावित अवधि लगायतका विस्तृत विवरण खुलाई व्यक्तिको हकमा नागरिकताको प्रमाणपत्र तथा संस्थाको हकमा दर्ता प्रमाणपत्र, हकभोगको प्रमाण, घरको नक्शा, नक्शा पास तथा निर्माण सम्पन्न प्रमाणपत्र, कर तथा तिरो तिरेको प्रमाणहरुका प्रमाणित प्रतिलिपि संलग्न गरी यो सूचना प्रकाशित भएको मितिले १५ दिनभित्र कार्यालय समयभित्र सिडिएससिमा सिलबन्दी प्रस्ताव पेश गर्नुहुन अनुरोध छ। सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९४ को उपनियम २(घ) बमोजिम घरभाडा निर्धारण समितिले निर्धारण गरेको दररेटमा मात्र घरभाडा लिने व्यहोरा समेत जानकारी गराईन्छ। प्राप्त प्रस्तावहरु स्वीकृत वा अस्वीकृत गर्ने तथा रितपूर्वक पर्न आएका प्रस्तावहरु मध्ये आंशिक वा पूरै क्षेत्रफल लिने वा नलिने सम्बन्धी अन्तिम अधिकार सिडिएससिमा निहित रहनेछ।

**आवश्यक घरको विवरण** :

१. कार्यालयको लागि आवश्यक क्षेत्रफल ५,००० देखि ६,००० वर्गफिट भएको निर्माण सम्पन्न भई पार्टीशन गर्न मिल्ने घर हुनु पर्नेछ। उक्त क्षेत्रफल सम्भव भएसम्म एउटै फल्याट् वा बढीमा दुई फल्याट् सम्ममा हुनु पर्नेछ।

२. पानी, बिजुली, टेलिफोन तथा बाथरुम, ढल निकास, ईन्टरनेटको लागि आवश्यक पूर्वाधार आदिको राम्रो सुविधा भएको हुनु पर्नेछ। बाटो कम्तीमा २ लेनको पिच सडक हुनु पर्नेछ।

३. कम्तीमा १० वटा गाडी र ५० वटा मोटरसाईकल पार्किङ्गको सुविधा भएको हुनु पर्नेछ।

४. लोडसेडिङ्ग भएको समयमा बिजुली उपलब्ध गराउनको लागि पर्याप्त पूर्वाधार भएको हुनु पर्नेछ।

५. प्रचलित नियम कानून बमोजिम लाग्ने घर तथा घर भाडाको कर घरधनी स्वंयले तिर्नु पर्नेछ।

६. आफ्नै कम्पाउण्ड भएको, व्यापारिक क्षेत्र पुल्चोक, कुपन्डोल, थापाथली, बबरमहल, बिजुलीबजार, अनामनगर, पुतलीसडक, कमलादी, हात्तीसार, कमलपोखरी, नागपोखरी, ज्ञानेश्वर, मैतिदेवी, नयाँ बानेश्वर वा यी क्षेत्रको वरिपरिमा भएको घरलाई प्राथमिकता दिइनेछ।


**थप जानकारीका लागि** :

**सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेड**

प्रशासन विभाग, पुतलीसडक, काठमाडौं।

फोन नं.: ४२१६०६८, ४२४०१५०, ४२६०३८६, ४२६०७८३, ४२६३३०१